नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १०९।०८२
दर्ता मिति: २०८२।१२।०२

# राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा निर्देशिका, २०७०

प्रस्तावना: सशस्त्र प्रहरी बलबाट राजस्व, भन्सार तथा औद्योगिक क्षेत्रको सुरक्षा गर्ने कार्यलाई प्रभावकारी, सुदृढ, व्यवस्थित र पारदर्शी बनाउन बाञ्छनीय भएकोले,

नेपाल सरकारले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा निर्देशिका, २०७०" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "इकाई" भन्नाले यस निर्देशिका बमोजिमको निर्देशनालय अन्तर्गतको गण र गुल्म सम्झनु पर्छ ।

(ख) "औद्योगिक सुरक्षा गुल्म" भन्नाले दफा ७ बमोजिमको गुल्म सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले भन्सार विभाग अन्तर्गतको मूल भन्सार कार्यालय तथा छोटी भन्सार कार्यालय, राजस्व अनुसन्धान विभाग अन्तर्गतको क्षेत्रीय कार्यालय र उद्योग विभाग अन्तर्गतको उद्योग कार्यालय सम्झनु पर्छ ।

(घ) "कार्यालय प्रमुख" भन्नाले प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार अधिकृत, भन्सार अधिकृत, छोटी भन्सार कार्यालयको प्रमुख, राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय र उद्योग कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ङ) "गण" भन्नाले दफा ४ बमोजिमको गण सम्झनु पर्छ ।

(च) "निर्देशनालय" भन्नाले दफा ३ बमोजिमको निर्देशनालय सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले भन्सार विभाग, राजस्व अनुसन्धान विभाग र उद्योग विभाग सम्झनु पर्छ ।

(ज) "राजस्व तथा भन्सार सुरक्षा गुल्म" भन्नाले दफा ५ बमोजिमको गुल्म सम्झनु पर्छ ।

(झ) "महानिर्देशक" भन्नाले सम्बन्धित विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ञ) "राजस्व चुहावट नियन्त्रण सुरक्षा गुल्म" भन्नाले दफा ६ बमोजिमको गुल्म सम्झनु पर्छ ।

परिच्छेद - २

## राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा निर्देशनालय र अन्तरगत रहने निकायहरू

३. **राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा निर्देशनालयको स्थापना:** (१) सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत रहने गरी अनुसूची-१ बमोजिमको राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा निर्देशनालय स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिम निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षालाई प्रभावकारी बनाउन आवश्यक रणनीति र बार्षिक कार्ययोजना तर्जुमा गर्ने ।

(ख) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा तैनाथ इकाईहरूको प्रभावकारी कार्यसम्पादनको लागि समयानुकुल कार्यनीति तयार गरी लागु गर्ने ।

(ग) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षाको विषयमा सम्बन्धित महानिर्देशकलाई नियमित रूपमा सूचनाको प्रवाह गर्ने ।

(घ) प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार राजस्व, भन्सार तथा औद्योगिक सुरक्षाका लागि जनशक्ति परिचालन गर्ने ।

(ङ) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा तैनाथ इकाईहरूमा विभागीय आदेशको परिपत्र गर्ने र त्यस्ता परिपत्रको जानकारी आवश्यकता अनुसार सम्बन्धित विभागलाई दिने ।

(च) तोकिएको कार्यक्षेत्रमा खटिने इकाईमा कार्यरत कर्मचारीहरुलाई यस निर्देशिकामा उल्लिखित व्यवस्था र काम, कर्तव्यका सम्बन्धमा अभिमूखिकरण तालिम प्रदान गर्ने व्यवस्था मिलाउने ।

(छ) विभाग र कार्यालयका कर्मचारीहरुलाई सम्बन्धित महानिर्देशकको सिफारिसमा सुरक्षा सम्बन्धी तालिम प्रदान गर्ने, गराउने ।

(ज) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा तैनाथ इकाईहरूमा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरूको वृत्ति विकाससँग प्रत्यक्ष प्रभाव पार्ने विषयमा विशेष तालिम र सेवासँग सम्बन्धित तालिमका लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा सिफारिस गर्ने ।

(झ) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा थप जनशक्ति परिचालन गर्नु पर्ने अवस्था तथा सशस्त्र प्रहरी ऐन, २०५८ अनुरूप परिचालन गर्नु पर्ने अवस्थामा सम्बन्धित क्षेत्रको सशस्त्र प्रहरी बल गुल्म/युनिटसँग समन्वय गर्ने ।

(ञ) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा तैनाथ मातहत इकाईहरूको समय समयमा नियन्त्रण, सुपरिवेक्षण र अनुगमन गर्ने तथा सम्पादित कार्य प्रगति विवरण सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा पेश गर्ने ।

४. <u>राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा गणको स्थापना:</u> (१) निर्देशनालय मातहत अनूसुची-२ बमोजिमको राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा गणहरु रहनेछन ।

(२) उपदफा (१) बमोजिमको गणको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षालाई प्रभावकारी बनाउन निर्देशनालयबाट प्राप्त निर्देशन अनुरुप सम्वन्धित विभाग र अन्तर्गतका कार्यालय प्रमुखहरुसँग आवश्यक समन्वय गरी सुरक्षा गस्ती परिचालन गर्ने, गराउने ।

(ख) औद्योगिक मेला तथा समारोहहरूको सुरक्षा र नेपाल सरकारले तोकेको औद्योगिक संरचनाहरूको सुरक्षा गर्न सम्बन्धित गुल्महरूको परिचालन गर्ने ।

(ग) चोरी निकासी तथा पैठारी नियन्त्रण गर्न तैनाथ सम्बन्धित गुल्महरूलाई परिचालन गर्ने ।

(घ) मातहत गुल्महरूले गरेका कार्यहरूको सुपरीविक्षेण, अनुगमन, रेखदेख र नियन्त्रण गरी प्रभावकारी कार्य सम्पादनको लागि आवश्यक निर्देशन दिने ।

(ङ) निर्देशनालयबाट प्राप्त विभागीय आदेश र परिपत्रहरूको कार्यान्वयन गर्न मातहतका गुल्महरूलाई निर्देशन दिने ।

(च) मातहत गुल्ममा खटिएका कमाण्डर लगायत सशस्त्र प्रहरी कर्मचारीहरूको प्रचलित कानून बमोजिम कार्य सम्पादन मुल्याङ्कन गर्ने ।

(छ) सम्बन्धित विभाग र कार्यालय प्रमुखको सिफारिसको आधारमा मातहत गुल्महरूको कार्य सम्पादन विवरण सहितको मासिक प्रतिवेदन निर्देशनालयमा पेश गर्ने ।

५. <u>राजस्व तथा भन्सार सुरक्षा गुल्मको स्थापना:</u> (१) गण मातहत अनुसूची-३ बमोजिमको राजस्व तथा भन्सार सूरक्षा गुल्महरु रहनेछन ।

(२) उपदफा (१) बमोजिमका गुल्महरुको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) चोरी निकासी तथा पैठारी हुने सम्भाव्य सीमावर्ती क्षेत्रहरूमा केन्द्रित रही चोरी निकासी तथा पैठारी कार्यलाई सम्बन्धित कार्यालय प्रमुखको निर्देशनमा रही गस्ति परिचालन गरी नियन्त्रण गर्ने ।

(ख) राजस्व चुहावट सम्बन्धमा विभिन्न स्रोतबाट प्राप्त सुराकी वा सूचनाको संकलन एवं विश्लेषण गर्ने र त्यस्तो सूचनाको जानकारी भन्सार कार्यालयका प्रमुखलाई गराउने ।

(ग) प्रचलित कानूनले निकासी तथा पैठारीको [illegible] निषेध गरेका माल वस्तुहरूको चोरी निकासी तथा पैठारी नियन्त्रण गर्ने र सम्बन्धित कार्यालयलाई जानकारी दिने ।

(घ) आफूलाई तोकिएको इलाका भित्रका मुख्य तथा सहायक नाका तथा गौंडाहरूको पहिचान गर्ने र आवश्यकता अनुसार अस्थायी पोष्टहरु खडा गरी कार्य संचालन गर्ने ।

(ङ) गस्तीको क्रममा चोरी निकासी पैठारी वा अवैध रूपमा नेपाल भित्र राखेको शंकास्पद मालवस्तुहरू, सवारी एवं ढुवानी साधनहरू वा यन्त्रोपकरणहरू प्रचलित कानून बमोजिम नियन्त्रणमा लिई यथाशिघ्र सम्बन्धित भन्सार कार्यालयमा बुझाउने ।

(च) चोरी निकासी पैठारी, राजस्व चुहावट सम्बन्धी प्राप्त सूचना प्रमुख भन्सार अधिकृतलाई जानकारी गराई निजबाट प्राप्त निर्देशन अनुरूप कार्य गर्ने ।

(छ) भन्सार नाकामा यात्रुको आवागमनलाई व्यवस्थित गर्ने र यात्रु, सवारी तथा ढुवानीका साधनहरूबाट हुनसक्ने राजस्व विचलनलाई नियन्त्रण गर्न भन्सार कार्यालयका अधिकृत कर्मचारीहरूको निर्देशनमा कार्य गर्ने ।

(ज) आफुलाई तोकिएको इलाका भित्रका स्थानीय प्रशासन, कार्यालय र सम्बन्धित अन्य निकायहरूसँग समन्वय गरी कार्य संचालन गर्ने ।

(झ) सम्बन्धित स्थानीय प्रशासन मार्फत सीमाना जोडिएको छिमेकी राष्ट्रका सुरक्षा निकायसँग समन्वय गरी कार्य संचालन गर्ने ।

(ञ) कार्यालय र खटिएका कर्मचारीको सुरक्षा गर्ने ।

(ट) आफुलाई तोकिएको कार्यको प्रगति विवरण दैनिक र मासिक रुपमा सम्वन्धित भन्सार कार्यालयको प्रमुखलाई दिने ।

(ठ) भन्सारबाट जाँचपास भएका मालवस्तुको परिमाण, मूल्याङ्कन, दरवन्दी चेकजाँच गर्ने र विभिन्न ठाउँमा ढाट राख्ने, प्रज्ञापन पत्रमा सही गर्ने वा छाप लगाउने जस्ता कार्यहरू बाहेक भन्सार प्रमुखसँग समन्वय गरी हातहतियार, गोली गठ्ठा, विष्फोटक पदार्थको ओसारपसारमा संलग्न भएको आशंका भएमा मानिस, सवारीसाधन र ढुवानी साधनको चेकजाँच गर्ने ।

६ <u>राजस्व चुहावट नियन्त्रण सुरक्षा गुल्मको स्थापना</u>: (१) गण मातहत अनुसूची-४ बमोजिमको राजस्व चुहावट नियन्त्रण सुरक्षा गुल्महरू रहनेछन ।

(२) उपदफा (१) बमोजिमको गुल्मको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजस्व अनुसन्धान विभागका महानिर्देशक वा निजले तोकेको अनुसन्धान अधिकृत वा राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयका प्रमुख अनुसन्धान अधिकृतको निर्देशनमा रही कार्य सम्पादन गर्ने ।

(ख) राजस्व चुहावट सम्बन्धमा [illegible] गुप्तकी वा सूचना [illegible] अनुसन्धान [illegible] क्षेत्रीय कार्यालयको प्रमुखलाई [illegible]

(ग) राजस्व अनुसन्धान विभागका महानिर्देशक वा राजस्व अनुसन्धान [illegible] अनुसन्धान अधिकृतले तोकेको अनुसन्धान अधिकृतको टोलीलाई राजस्व चुहावट नियन्त्रण र [illegible] गैर कानूनी ओसार पसार नियन्त्रण गर्न सहयोग पुर्‍याउने ।

(घ) विदेशी विनिमयलाई नियमित गर्ने काममा राजस्व अनुसन्धान विभाग वा राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयका अनुसन्धान अधिकृतको आदेशानुसार विदेशी मुद्रा अपचलनमा अनुसन्धान सम्बन्धी कार्यमा खानतलासी लिने, आवश्यकता अनुसार नियन्त्रणमा लिने, पक्राउ गर्ने र सो सँग सम्बन्धित कागजात सुरक्षित राख्ने कार्यमा सहयोग गर्ने ।

(ङ) राजस्व अनुसन्धान विभागका महानिर्देशक वा राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयका प्रमुख अनुसन्धान अधिकृत वा निजले तोकेको असुन्धान अधिकृतको निर्देशनमा रही बजार अनुगमन कार्यमा सहयोग पुऱ्याउने र प्राप्त हुन आएको सूचना गोप्य राख्न विशेष संवेदनशिलता अपनाउने ।

(च) राजस्व अनुसन्धान विभागका महानिर्देशक वा राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयका प्रमुख अनुसन्धान अधिकृतको निर्देशन अनुसार राजमार्ग गस्ती परिचालन एवं प्रचलित कानून बमोजिम खानतलासी लिने, कुनै मालवस्तु वा व्यक्तिलाई पक्राउ गर्ने, कब्जामा लिने, सिल गर्ने कार्यमा सहयोग गर्ने ।

(छ) अनुसन्धान तहकिकातको क्रममा नियन्त्रणमा लिई विभाग परिसरमा ल्याइएका सवारी तथा ढुवानी साधन एवं मालवस्तुको सुरक्षा गर्ने ।

(ज) राजस्व अनुसन्धान विभाग वा राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयबाट लिलाम बिक्री हुने, छानविन तथा अनुसन्धान समाप्त भई छोडपूर्जी अनुसार ब्यापारी वा ढुवानीकर्ताहरूले फिर्ता लैजाने सामानहरूको आधिकारिक पत्र चेक जाँच गरी समान गेट बाहिर लैजान दिने ।

(झ) राजस्व अनुसन्धान विभाग, मातहत कार्यालय र खटिएका कर्मचारीहरुलाई आवश्यकता अनुसार सुरक्षा उपलब्ध गराउने ।

(ञ) राजस्व अनुसन्धान विभाग र राजस्व अनुसन्धान क्षेत्रीय कार्यालयमा जुनसुकै बखत खटिन सक्ने गरी टोली तयारी हालतमा राख्ने, कार्यालय प्रवेश गर्ने र बाहिर जाने आगन्तुकका सवारी साधनहरूको आवश्यकता अनुसार चेकजाँच गर्ने, कार्यालय समयमा आगन्तुक प्रवेश पासको व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरी उक्त समय अघि पछि कार्यालय हाता भित्र अन्य व्यक्तिहरुलाई अनधिकृतरूपमा प्रवेश गर्न नदिने व्यवस्था मिलाउने ।

(ट) स्थानीय चोरी निकासी पैठारी तथा नियन्त्रण समन्वय समितिले गरेको निर्णयलाई कार्यान्वयन गर्ने ।

(ठ) गुल्म प्रमुखले गुल्मबाट सम्पादन गरेका काम कारबाहीहरूका मौखिक र लिखित विवरण, सम्बन्धित तालुक गण, महानिर्देशक र कार्यालयका प्रमुखलाई दिने ।

७. <u>औद्योगिक सुरक्षा गुल्मको स्थापना:</u> (१) गण मातहत अनुसूची-५ बमोजिमको औद्योगिक सुरक्षा गुल्महरु रहनेछन ।

(२) उपदफा (१) बमोजिमको गुल्महरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उद्योग विभागका महानिर्देशक वा स्थानीय स्तरको उद्योग कार्यालयको प्रमुख वा उद्योग प्रशासनका लागि तोकिएको अधिकृतसँग समन्वय गरी स्थानीय प्रशासनको निर्देशनमा औद्योगिक क्षेत्र तथा औद्योगिक करिडरको गस्ति परिचालन र सुरक्षा प्रदान गर्ने ।

(ख) उद्योगमा हुन सक्ने वन्द, हड्ताल तथा जुलुस प्रदर्शनलाई नियन्त्रण र नियमित गर्ने र आगजनी, दंगा, जीउधनको असुरक्षा वा त्रासको वातावरण सृजना गर्ने, लुटपाट जस्ता हिंसात्मक गतिविधी भई उद्योगको सम्पत्ति हानी नोक्सानी हुन सक्ने भएमा त्यस्ता व्यक्तिको पहिचान र नियन्त्रण गरी आवश्यक कार्वाहीका लागि स्थानीय प्रहरी प्रशासनलाई सुम्पने ।

(ग) औद्योगिक क्षेत्रका सुरक्षा चुनौती र उद्योग व्यवसायी विरुद्ध हुनसक्ने अपराधिक क्रियाकलापको सूचना संकलन, विश्लेषण र मुल्याङ्कन गरी प्रभावकारी नियन्त्रणको व्यवस्था गर्ने, आवश्यक सुरक्षा रणनीति तयार गर्ने ।

(घ ) औद्योगिक क्षेत्रमा हुन सक्ने प्राकृतिक तथा मानवीय विपत्तीका घटनाहरूमा उद्धार गर्न जनशक्ति परिचालन गर्ने ।

(ङ) उद्योग संचालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ र यन्त्र उपकरण उद्योग परिसरसम्म ल्याउन वा उद्योगबाट उत्पादित बस्तुहरु भन्सार बिन्दुसम्म पुरयाउन बाधा अवरोध भएमा भन्सार कार्यालयमा खटिएका गुल्मसँग समन्वय गरी सुरक्षाको प्रबन्ध मिलाउने ।

(च) आवश्यकता अनुसार उद्योगका कामदार र कर्मचारीलाई सुरक्षा प्रदान गर्ने ।

(छ) औद्योगिक मेला तथा उद्योगसँग सम्बन्धित विभिन्न समारोहहरूको जिल्ला सुरक्षा समिति, उद्योग बाणिज्य संघ र सोसँग सम्बन्धित संघ सस्थाहरुसँग समन्वय गरी आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने ।

८. <u>जनशक्ति परिचालन र पोशाक</u>: (१) राजस्व, भन्सार तथा औद्योगिक क्षेत्रको सुरक्षाका लागि खटिने सम्बन्धित गुल्मका सशस्त्र प्रहरी कर्मचारीहरूले सशस्त्र प्रहरीको पोशाक र दर्जानी चिन्ह सहित देहाय अनुसारको परिचय खुल्ने ब्याच प्रयोग गर्नेछन:-

(क) राजस्व तथा भन्सार सुरक्षा गुल्ममा खटिने सशस्त्र प्रहरी कर्मचारीहरूको पोशाकको दाहिने पाखुरामा अंग्रेजी अक्षरमा "APF CUSTOMS SECURITY" र नेपालीमा "स.प्र.बल भन्सार सुरक्षा" लेखिएको सुन्तला रङ्गको आर्मब्याच ।

(ख) राजस्व चुहावट नियन्त्रण गुल्ममा खटिने सशस्त्र प्रहरी कर्मचारीहरूको पोशाकको दाहिने पाखुरामा अंग्रेजी अक्षरमा "APF REVENUE SECURITY" र नेपालीमा "स.प्र.बल राजस्व सुरक्षा" लेखिएको सुन्तला रङ्गको आर्मब्याच

(ग) औद्योगिक सुरक्षा गुल्ममा खटिने सशस्त्र प्रहरी कर्मचारीहरूको पोशाकको दाहिने पाखुरामा अंग्रेजी अक्षरमा "APF INDUSTRIAL SECURITY" र नेपालीमा "स.प्र.बल औद्योगिक सुरक्षा" लेखिएको सुन्तला रङ्गको आर्मब्याच ।

(२) सशस्त्र प्रहरी बलको टोली परिचालन गर्दा कम्तीमा एक सेक्सन परिचालन हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजी सुरक्षा अधिकृत (पि.एस.ओ)को रूपमा सशस्त्र प्रहरी कर्मचारीलाई खटाइने छैन ।

(४) यस दफा बमोजिम खटिएका सशस्त्र प्रहरीको अदली वदली बढीमा एक वर्षमा हुनेछ ।

९. <u>मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u> इकाई र इकाई प्रमुखको कार्य सम्पादनको मूल्यांकन सम्बन्धित महानिर्देशक र कार्यालय प्रमुखबाट भएको सिफारिस समेतको आधारमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. <u>केन्द्रीय निर्देशन समितिको व्यवस्था:</u> (१) यस निर्देशिका बमोजिम खटिने सशस्त्र प्रहरीको परिचालन र समन्वय गर्न केन्द्रीय स्तरमा देहायको केन्द्रीय निर्देशन समिति रहनेछ ।

(क) सचिव, अर्थ मन्त्रालय - संयोजक

(ख) सचिव, गृह मन्त्रालय - सदस्य

(ग) सचिव, उद्योग मन्त्रालय - सदस्य

(घ)महानिरीक्षक, सशस्त्र प्रहरी - सदस्य

(ङ) सह-सचिव, राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय - सदस्य सचिव

(२) केन्द्रीय निर्देशन समितिले आवश्यकताअनुसार उपसमितिहरु गठन गर्न सक्नेछ । यसरी गठन भएको उपसमितिहरुको कार्यादेश समितिले तोके बमोजिम हुनेछ ।

(३) केन्द्रीय निर्देशन समितिको बैठक र अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>निर्देशन समितिको काम, कर्तव्य र अधिकार:</u> राजस्व, भन्सार तथा औद्योगिक सुरक्षाको सम्बन्धमा दफा १८ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा सम्बन्धमा सशस्त्र प्रहरीको व्यवस्थापनका लागि रणनीति तयार गर्ने ।

(ख) सशस्त्र प्रहरी परिचालनको लागि सम्बन्धित विभागलाई आवश्यक निर्देशन दिने ।

(ग) विभागीय प्रमुखहरूले प्रस्तुत गरेको प्रतिवेदनको समीक्षा गरी आवश्यक निर्देशन दिने ।

(घ) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा सम्बन्धमा सशस्त्र प्रहरीको प्रभावकारी परिचालनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

१२. <u>विभाग समन्वय समितिको व्यवस्था:</u> (१) राजस्व तथा भन्सार सुरक्षा कार्यमा खटिने सशस्त्र प्रहरीको सहज परिचालन तथा समन्वयको लागि देहाय बमोजिमको विभाग समन्वय समिति रहनेछ ।

(क) महानिर्देशक, राजस्व अनुसन्धान विभाग - संयोजक

(ख) उप महानिर्देशक, भन्सार विभाग - सदस्य

(ग) सशस्त्र प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी बल - सदस्य

(घ) उपसचिव, प्रहरी र सीमा प्रशासन, गृह मन्त्रालय - सदस्य

(ङ) उप-सचिव, राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय - सदस्य

(च) राजस्व अनुसन्धान विभागको महानिर्देशकले तोकेको निर्देशक - सदस्य सचिव

(२) औद्योगिक सुरक्षार्थ खटिने सशस्त्र प्रहरी बलको सहज परिचालन र समन्वयका लागि देहाय बमोजिमको समन्वय समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, उद्योग विभाग | - संयोजक |
| (ख) | सशस्त्र प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी बल | - सदस्य |
| (ग) | उपसचिव, प्रहरी र सीमा प्रशासन, गृह मन्त्रालय | - सदस्य |
| (घ) | उपसचिव राजस्व व्यवस्थापन महाशाखा, अर्थमन्त्रालय | - सदस्य |
| (ङ) | उद्योग वाणिज्य महासंघको प्रतिनिधि | - सदस्य |
| (च) | उद्योग विभागको महानिर्देशकले तोकेको निर्देशक | - सदस्य सचिव |

१३. <u>विभाग समन्वय समितिको काम, कर्तव्य र अधिकार</u> :- दफा १२ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा खटिने सशस्त्र प्रहरीहरूको परिचालनको लागि सम्बन्धित कार्यालयहरूलाई आवश्यक निर्देशन दिने ।

(ख) कार्यालय प्रमुखहरुले प्रस्तुत गरेको प्रतिवेदन उपर समीक्षा गरी आवश्यक निर्देशन दिने ।

(ग) समय-समयमा सम्बन्धित गण तथा गुल्महरूको काम कारवाहीको अनुगमन गरी सशस्त्र प्रहरीको प्रभावकारी परिचालनको लागि केन्द्रीय निर्देशन समिति समक्ष प्रतिवेदन दिने ।

१४. <u>स्थानीय चोरी निकासी, पैठारी तथा नियन्त्रण समन्वय समिति एवं शाखा</u>:- (१) राजस्व एवम् भन्सार सुरक्ष गुल्मको निरीक्षण, अनुगमन, मूल्याङ्कन तथा चोरी पैठारी सम्बन्धी सूचनाहरूको संकलन तथा विश्लेषणबाट देखिएका समस्याहरूको निराकरण गर्न र आवश्यकतानुसार सुझाव सहित विभाग समन्वय समिति समक्ष सिफारिस गर्न सम्बन्धित जिल्लामा देहाय बमोजिमको स्थानीय चोरी निकासी पैठारी नियन्त्रण समन्वय समिति रहनेछ.

| | |
|---|---|
| (क) प्रमुख भन्सार अधिकृत | - संयोजक |
| (ख) प्रमुख, आन्तरिक राजस्व कार्यालय | - सदस्य |
| (ग) प्रमुख, राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय | - सदस्य |
| (घ) गुल्मपति, सशस्त्र प्रहरी बल | - सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (च) अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| (छ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ | - सदस्य |
| (ज) भन्सार प्रमुखले तोकेको भन्सार अधिकृत | - सदस्य सचिव |

(२) यस निर्देशिका बमोजिमको गस्ती कार्यक्रम तर्जुमा, सुराकी, जोखिम पहिचान, चोरी निकासी तथा पैठारी नियन्त्रण सम्बन्धी कार्ययोजना र सोको अभिलेखिकरण समेतको कार्य संचालन गर्न सम्बन्धित कार्यालयमा एक जना भन्सार अधिकृत सहितको समन्वय शाखा रहनेछ।

## परिच्छेद-३

## विविध

१५. राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा खटिने सशस्त्र प्रहरी कर्मचारीले पालना गर्नुपर्ने आचरण: (१) सशस्त्र प्रहरी नियमावली, २०६० को परिच्छेद ८ को आचरण महलमा उल्लिखित कुराहरूका अतिरिक्त गुल्ममा खटिने सशस्त्र प्रहरीले राजस्व, भन्सार तथा औद्योगिक सुरक्षामा खटिने सशस्त्र प्रहरी कर्मचारीले देहायका आचरणहरूको पालना गर्नुपर्नेछ :

(क) कर्तव्य पालनको सिलसिलामा सेवाग्राही र सरोकारवालाहरुसँग आदरपूर्वक सभ्य व्यहार गर्ने,

(ख) आर्थिक प्रलोभनमा नपर्ने,

(ग) कर्तव्य पालनामा खटिएको समयमा मादक पदार्थ तथा धुमपान सेवन नगर्ने,

(घ) अनुशासनहीन कार्य नगर्ने,

(ङ) सम्बन्धित विभाग र सशस्त्र प्रहरी संगठनको हित विपरीत कुनै पनि काम कारवाही नगर्ने,

(च) कर्तव्य पालनको सिलसिलामा अमर्यादित ढंगबाट प्रस्तुत नहुने,

(छ) महानिर्देशक वा सम्बन्धित कार्यालय प्रमुखको अनुमति बेगर संचार माध्यम तथा अन्य संघ संस्थाहरूलाई आफ्नो विचार र प्राप्त सूचनाहरू नदिने,

(ज) आफू र आफ्नो कमाण्डका कर्मचारीले गरेका गल्तीलाई लुकाउने प्रयास नगर्ने।

(झ) कर्तव्य पालनामा खटिएको समयमा मोबाइल फोनको प्रयोग नगर्ने.

(२) कर्तव्य पालनाको सिलसिलामा खटिएको सशस्त्र प्रहरी कर्मचारीले उपदफा (१) विपरीत गरेको पाइएमा निजलाई प्रचलित सशस्त्र प्रहरी नियमावली, २०६० बमोजिम कारवाही हुनेछ।

१६. असल नियतले गरेकोमा बचाउ: यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस निर्देशिकाको उद्देश्य अनुरूप खटिएका प्रहरी वा अन्य कर्मचारीहरूले आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको काम कारवाही प्रति निजहरू व्यक्तिगत रूपले जवाफदेही हुने छैनन्।

१७. निजी सुरक्षा सेवा प्रदायकसँग समन्वय: (१) प्रत्येक उद्योग-प्रतिष्ठानले आफ्नो उद्योगमा सेवा प्रदान गरी रहेका निजी सुरक्षा सेवा प्रदायकहरूले उद्योगमा पुर्‍याएको सेवा र कार्यरत सुरक्षाकर्मीहरूको विवरण इकाईलाई उपलब्ध गराउनु पर्नेछ।

(२) इकाईले निजी सुरक्षा सेवा प्रदायकसँग कम्तीमा मासिक रूपमा समन्वय बैठक गरी निरन्तर सुचना प्रवाह र सुरक्षा व्यवस्थाको परिमार्जन लगायतको व्यवस्था मिलाउने छ ।

१९. <u>कार्यविधि बनाउने:</u> यो निर्देशिका तथा राजस्व तथा भन्सार सम्बन्धी प्रचलित कानूनको अधीनमा रही सम्बन्धित विभागले कार्यविधि बनाउन सक्नेछ । यस्तो कार्यविधि केन्द्रीय निर्देशन समितिबाट स्वीकृत हुनु पर्नेछ ।


२०. <u>खारेजी र बचाउ:</u> (१) भन्सार चोरी नियन्त्रण गस्ती परिचालन सम्बन्धी कार्यनिर्देशिका, २०६४ खारेज गरिएको छ ।

(२) उपदफा (१) को निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)


### राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा निर्देशनालयको सांगठनिक संरचना



## अनुसूची - २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## राजस्व, भन्सार तथा औद्योगिक सुरक्षा गणको सांगठनिक संरचना





| दर्जा | सप्रउ | सप्रनाउ | सप्रनि | सप्रबनानि | सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | सप्रप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १ | ८ | १२ | १ | १४ | १८ | ४६ | ५५ | १३५ | ३९४ | ३६ | ७२० |

अनुसूची - ३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

राजस्व तथा भन्सार सुरक्षा गुल्मको सांगठनिक संरचना





| दर्जा | सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | सप्रप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १ | १ | १ | १ | ५ | ५ | १५ | ४३ | ३ | ७५ |

अनुसूची - ४

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## राजस्व चुहावट नियन्त्रण सुरक्षा गुल्मको सांगठनिक संरचना





| दर्जा | सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | सप्रप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १ | १ | १ | १ | ५ | ५ | १५ | ४३ | ३ | ७५ |

अनुसूची - ५

(दफा ७ को उपदफा (१) संग सम्बन्धित)

## औद्योगिक सुरक्षा गुल्मको सांगठनिक संरचना




| दर्जा | सप्रनाउ | सप्रनि | सप्रनानि | सप्रसनि | सप्रवह | सप्रह | सप्रसह | सप्रज | सप्रप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १ | ३ | ४ | ६ | १० | १४ | २९ | ८९ | ७ | १६० |